# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको
# पन्ध्रौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **बैधानिक सभा :**
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको मिति २०६९/११/०२ (तदनुसार १३ फेब्रुअरी २०१३) मा बसेको सञ्चालक समितिको १९८ औं बैठकको निर्णयानुसार बोलाइएको पन्ध्रौं बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो।

२. **सभाको मिति, स्थान र समय :**
मिति : २०६९ चैत्र ५ गते सोमबार (तदनुसार १८ मार्च, २०१३)
स्थान : उद्योग संगठन मोरङको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १:३० बजे
(हाजिरी दिउँसो १२:३० बजे देखि १:३० बजे सम्म)

३. **उपस्थिति :**
**सञ्चालकहरूको उपस्थिति:**

| | | | |
|---|---|---|---|
| क) | श्री जगदिश प्रसाद अग्रवाल | - | अध्यक्ष (संस्थापक समुह) |
| ख) | श्री तुलसीराम अग्रवाल | - | सञ्चालक (संस्थापक समुह) |
| ग) | श्री लोकमान्य गोल्छा | - | सञ्चालक (संस्थापक समुह) |
| घ) | श्री विशाल अग्रवाल | - | सञ्चालक (संस्थापक समुह) |
| ङ) | श्री राजेन्द्र अर्याल | - | सञ्चालक (सर्वसाधारण शेयरधनी समुह) |
| च) | श्री विरेन्द्र कुमार संघई | - | सञ्चालक (सर्वसाधारण शेयरधनी समुह) |
| छ) | श्री गणेशमान श्रेष्ठ | - | व्यावसायिक/स्वतन्त्र सञ्चालक |

**पदाधिकारीहरूको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| क) | श्री सशिन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री निरज श्रेष्ठ | - | महाप्रबन्धक-व्यवसाय बैंकिङ |
| ग) | श्री बिमल डागा | - | सहायक महाप्रवन्धक-जोखिम व्यवस्थापन |
| घ) | श्री पूर्णमान नापित | - | प्रमुख-लेखापरीक्षण तथा अनुपालना |
| ङ) | श्री प्रविण बस्नेत | - | प्रमुख -सञ्चालन |
| च) | श्री भानु दवाडी | - | प्रमुख-उपभोक्ता कर्जा/सेल्स |
| छ) | श्री माधव प्रसाद रेग्मी | - | कम्पनी सचिव |
| ज) | श्री बिश्व सुवेदी | - | कानून अधिकृत |

साथै, सभामा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौला, लेखा परीक्षक श्री एन अमात्य एण्ड कम्पनीका प्रतिनिधी श्री मनिष अमात्य, Due Diligence Auditor का तर्फबाट श्री अनुप कुमार श्रेष्ठ, बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लि. का तर्फबाट श्री भिष्मराज चालिसे तथा अन्य कर्मचारीहरू समेतको उपस्थिति रहेको थियो।

४. **सभाको सूचना तथा आवश्यक विवरण :**
पन्ध्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना नागरीक दैनीक तथा कान्तिपुर दैनीकमा क्रमशः २०६९ फाल्गुन १३ गते तथा २०६९ फाल्गुन २० गते प्रकाशित गरिनुका साथै बैंकको वेब साईटमा समेत राखी शेयरधनी महानुभावहरूलाई सार्वजनिक रूपले सूचित गरिएको थियो। साधारण सभा बस्ने बारेको सूचना, प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनहरू तथा पन्ध्रौं वार्षिक आर्थिक विवरण समेतको वार्षिक प्रतिवेदन शेयरधनीहरूले बैंकलाई उपलब्ध गराउनुभएको ठेगानामा पठाइएको थियो।

५. **सभामा भएका छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०६८/६९ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६८/६९ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।

३. सञ्चालक समितिले सिफारिस गरे बमोजिम रू.३२,७८,८८,०००।०० (अक्षरेपी रूपैयाँ बत्तीस करोड अठहत्तर लाख अठासीहजार मात्र) अर्थात चुक्ता पूँजीको २५ प्रतिशतका दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०६९/७० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (हाल बहालवाला लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

५. सर्वसाधारण समुह (समुह"ख") बाट आगामी वार्षिक साधारणसभासम्मको कार्यकालका लागि २ (दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेडलाई गाभ्ने (मर्ज गर्ने) प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त गाभ्ने र गाभिने संस्थाको सम्पत्ति र दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा निर्धारण गरिएको २:१ को शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारित गरी मर्जरको लागि स्वीकृति प्रदान गर्ने तथा सो सम्बन्धमा देहाय बमोजिमका स्वीकृति समेत प्रदान गर्ने:

क) यस बैंकको नाम परिवर्तन गरी मर्जर पश्चात NIC Asia Bank Limited (एनआईसी एशिया बैंक लिमिटेड) राख्ने ।

ख) नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेड गाभिएपछि (मर्ज भएपछि) गठन हुने सञ्चालक समितिमा यस बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको चयन गर्न निर्णयगर्ने तथा श्री बैंक अफ एशिया नेपाल लिमिटेडबाट चयन भई आउनुहुने सञ्चालकहरूलाई पदस्थापन एवं अनुमोदन गर्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

ग) बैंकको सञ्चालक समितिका सदस्यहरूको कार्यकाल जतिसुकै बाँकी भए तापनि गाभ्ने गाभिने कार्य सम्पन्न भई नयाँ सञ्चालक समितिको गठन भएपश्चात विद्यमान सञ्चालकहरूको उक्त बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने साथै नयाँ सञ्चालक समितिको कार्यकाल समेत शेयरधनीहरूको अर्को सभा नभएसम्म मात्र रहने ।

घ) बैंकको अधिकृत पूँजी रू. ३,६०,००,००,०००/-, जारी पूँजी रू. २,३१,१५,५२,०००/- तथा चुक्ता पूँजी रू. २,३१,१५,५२,००० हुने ।

ङ) नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेड गाभिएपछि (मर्ज भएपछि) बैंकको नाम, अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी संरचना लगायतमा परिवर्तन हुने भएको हुनाले सो बमोजिम हुने गरी प्रवन्धपत्रको शीर्षखण्ड, दफा १, २(२), ५(१), ५(२), ५(३) तथा १२ मा तथा नियमावलीको शीर्षखण्ड, नियम १, २(२), २क(च), २क(छ), ८(२), ८(२)(क), ३१(१)(अ), ३१(१)(आ)(क) तथा ४५ मा संशोधन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको

कार्यालयबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

च) नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेड गाभ्ने (मर्ज गर्ने) सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने अन्य सम्पुर्ण कार्यहरू समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिमको स्वीकृति प्रदान गर्ने ।

**(ग) विविध**

## ६. शेयरधनीहरूको उपस्थिति :

| कुल शेयर संख्या | कुल शेयरधनीको संख्या | स्वयं उपस्थित | प्रतिनिधीपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| १,३१,९५,२०० | ३४०४० (क-ख समुह) | २०३ | ४१ | २४४ | ६१.४० |

## ७. गणपुरक संख्या एवम् बैधानिकता :

सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै आजको यस सभाको अध्यक्षता गरी दिन सञ्चालक समितिका अध्यक्ष श्री जगदिश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपुरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधिनमा रही सभा विधिवत प्रारम्भ भयो ।

## ८. सभाको अध्यक्षता :

सभाका अध्यक्ष श्री जगदिश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूको हार्दिक स्वागत गर्दै आफ्नो मन्तव्यका साथ सभाको काम कार्वाही अगाडि बढाउनु भयो ।

## ९. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरूको प्रस्तुति :

अध्यक्षज्यूले आफ्नो मन्तव्य पढेर सुनाई सकेपछि सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०६८/६९ को नाफा नोक्सान हिसाव र वासलात लगायतका विषयमा छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित शेयरधनी महानुभावहरूले आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा लिखित सुझाव सभामा प्रकट गर्नु भयो:

१. श्री रोज कुमार श्रेष्ठ
२. श्री किशोर भण्डारी
३. श्री भगवती प्रसाद अग्रवाल
४. श्री वंशिधर काब्रा
५. श्री महेन्द्र श्रेष्ठ
६. श्री डमरूबल्लभ घिमिरे
७. श्री नरसिंह लाल चखूँ (लिखित सुझाव प्राप्त भएको)

**छलफलका क्रममा उठेका मुख्य मुख्य कुराहरूको सारांश:**

साधारण सभामा मन्तव्य व्यक्त गर्ने शेयरधनी महानुभावहरूले पन्ध्रौं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्नु भयो ।

सम्पूर्ण शेयरधनी वक्ताहरूले सञ्चालक समितिले सिफारिस गरे बमोजिम प्रति शेयर २५% का दरले नगद लाभांश दिइएकोमा खुशी व्यक्त गर्दै प्रतिकुल परिस्थितिहरूको बावजुद बैंकको परिसूचकहरू हेर्दा राम्रो र सबल देखिएको र भविष्य उत्साहप्रद रहेको धारणा व्यक्त गर्नुभयो ।

साधारण सभामा उपस्थित शेयरधनी वक्ताहरूमध्ये केहीले वार्षिक प्रतिवेदन समयमा प्राप्त नभएको गुनासो गर्दै सुधार गर्नुपर्ने सुझाव दिनुभयो । टुक्रे शेयर (fraction shares) को अभिलेख रहे नरहेको एवं बैंकको घरजग्गाहरू कुन कुन स्थानमा रहेको भन्ने विषयमा शेयरधनीले जानकारी माग गर्नु भयो । साथै, बैंकको केही शीर्षकमा सञ्चालन खर्च बढेको देखिएको भन्दै सोको कारण सम्बन्धमा जिज्ञासा व्यक्त गर्नु भयो ।

सभामा धारणा राख्ने केही वक्तामहानुभावहरूले बैंकहरूमा सञ्चालन जोखिम बढेर गएको सन्दर्भमा यस बैंकले आफ्नो जोखिम व्यवस्थापन अझ सुदृढ गर्नु पर्छ भनी ध्यानाकर्षण गराउनु भयो ।

केही शेयरधनी महानुभावहरूले बैंकले आफ्नो सेवामा विभिन्न शुल्क लिएको विषयमा गुनासो गर्नुभयो भने केही शेयरधनी महानुभावहरूले बैंकले आम्दानी गरी शेयरधनीलाई लाभांश दिने बैंकको आम्दानीका विभिन्न श्रोतहरूमध्ये शुल्क पनि एक भएको हुँदा शुल्क लिनुलाई उचित मान्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

सभामा मन्तव्य राख्ने शेयरधनी महानुभावहरूमध्ये केहीले बैंकले विदेशी मुद्राबाट कसरी नाफा कमाउँदछ भन्ने र शेयर आदान प्रदान अनुपात निर्धारण कसरी गरिएको हो भन्ने विषयमा जिज्ञासा राख्नु भयो ।

त्यसैगरी केहि शेयरधनीले अध्यक्षज्यूको मन्तव्यमा मिति हुनु पर्ने, ०.५ प्रतिशतभन्दा बढी शेयरधारण गर्ने शेयरधनीको विवरण दिंदा सो शेयरधनीको समुह (संस्थापक वा सर्वसाधारण) छुट्टिने गरी दिनु उपयुक्त हुने तथा साधारण सभासम्बन्धी सूचनामा कम्पनी सचिवको नाम उल्लेख हुनु पर्ने सुझाव दिनु हुँदै बैंकको हालसम्मको लाभांश वितरण, व्यवस्थापन एवं कार्यसम्पादनबाट सन्तुष्टी र गौरव प्राप्त भएको र सोका लागि शेयरधनीको हैसियतले धन्यवाद ज्ञापन गर्न चाहेको बताउनु भयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरूको प्रत्युत्तरको प्रस्तुतिकरण :**
**अध्यक्षज्यूको अनुमतिले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिनु भएको समुहगत जवाफ :**

बैंकको वार्षिक प्रतिवेदनको गहन अध्ययन गरेर विभिन्न शेयरधनीमहानुभावहरूले आ-आफ्ना अमुल्य धारणा राख्नु भएकोमा आभार व्यक्त गर्दै बैंकले प्राप्त गरेको सफलताको सह्राना गर्नुभएकोमा तथा सञ्चालक समिति र व्यवस्थापन लगायत कर्मचारीहरूप्रति शेयरधनी महानुभावहरूले देखाउनु भएको विश्वासप्रति प्रमुख कार्यकारी अधिकृतले धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले शेयरधनी महानुभावहरूले दर्शाउनु भएको आस्था र समर्थनबाट नै बैंक एकपछि अर्को फड्को मार्दै यस स्थानसम्म आईपुग्न सफल भएको र बैंकको व्यवस्थापन अझ उत्साहित र उर्जायुक्त भएको बताउनु भयो ।

बैंकले शेयरधनी महानुभावहरूलाई कम्पनी ऐनको प्रावधान अनुसार राष्ट्रिय दैनिकहरूमा सूचना प्रकाशित गरी वार्षिक साधारण सभा बारे सूचित गरिएको, वार्षिक प्रतिवेदन यथासमयमा नै शेयरधनी महानुभावहरूको घर ठेगानामा प्रेषित गरिएको, बैंकका सबै शाखामार्फत प्राप्त गर्ने व्यवस्था मिलाइएको र बैंकको Website मा समेत

राखिएको जानकारी गराउनु भयो। घर ठेगाना स्पष्ट नभएको र फोन नम्बर परिवर्तन भएको कारण कतिपय शेयरधनी महानुभावहरूमा वार्षिक प्रतिवेदन नपुगेको हुन सक्ने कुरा स्वीकार गर्दै ठेगाना अद्यावधिक गरीदिन हुन अनुरोध गर्नु भयो र आउँदा वर्षहरूमा यसमा सुधार गर्न हर-सम्भव प्रयास गरिने प्रतिवद्धता जनाउनु भयो।

बैंकले शेयर आदान प्रदान अनुपात प्रतिष्पर्धी एवं पारदर्शीरूपमा दुबै बैंकसँग असम्बन्धित स्वतन्त्र व्यावसायिक संस्थाद्वारा गराएको जानकारी गराउनु भयो। बैंकले Account maintenance fee नलिएको र अन्य शुल्कहरू नियमानुसार र पारदर्शी ढङ्गबाट लिइएको जानकारी दिंदै उहाँले विदेशी विनिमयबाट बैंकले नाफा आर्जन कसरी गर्छ भन्ने बारेको जवाफ समेत दिनु भयो।

शेयरधनीहरूको टुक्रे शेयरको अभिलेख सुरक्षित रहेको जानकारी दिंदै प्रमुख कार्यकारी अधिकृतले बैंकको व्यवसायमा भएको बृद्धिको तुलनामा सञ्चालन खर्च न्यून रहेको स्पष्ट गर्नु भयो। उहाँले बैंकको घरजग्गा रहेको स्थानहरूको शेयरधनी महानुभावहरूलाई जानकारी गराउनु भयो र बैंकमा जोखिम व्यवस्थापनका लागि सचेत रहेको र जोखिमलाई सम्भव भएसम्म न्यूनिकरण गरिएको समेत बताउनु भयो।

शेयरधनी महानुभावहरूले साधारण सभाका माध्यमबाट तथा अन्य विभिन्न माध्यमहरूबाट उपलब्ध गराएको सल्लाह सुझावहरूलाई बैंकले गम्भिर्यताका साथ लिई उपयुक्त सुझावहरू लाई व्यवहारमा कार्यान्वयन गर्ने गरेको संस्कारलाई निरन्तरता दिने जानकारी गराउंनु भयो।

जवाफको अन्त्यमा प्रमुख कार्यकारी अधिकृतले शेयरधनी महानुभावहरूले दर्शाउनु भएको सहनशिलता र धैर्यताका लागि कृतज्ञता प्रकट गर्नुभयो।

## १०. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव :

१) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (१) बमोजिम आर्थिक वर्ष २०६८/६९ को सञ्चालक समितिको प्रतिवेदनउपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो।

२) विषय सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६८/६९ को नाफा-नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरूलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफलपश्चात् सभाद्वारा सर्वसम्मतिले पारित गरियो।

३) विषय सूचीको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको तथा श्री नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त ३२ आषाढ २०६९ मा समाप्त भएको आर्थिक बर्षमा संचित नाफाबाट रू.३२,७८,८८,०००।०० (अक्षरेपी रूपैयाँ बत्तीस करोड अठहत्तर लाख अठासीहजार मात्र) अर्थात चुक्ता पूँजीको २५ प्रतिशत (रू. २५ प्रतिशेयर) का दरले नगद लाभांश वितरण गर्ने प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो।

४) विषय सूचीको (४) बमोजिम आर्थिक वर्ष २०६९/७० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएपछि गत आ. व. का लेखा परीक्षक श्री एन अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई साविक बमोजिमकै शर्तमा पारवहन तथा अन्य वास्तविक खर्चको शोधभर्ना बाहेक कर सहित रू. १,६५,०००.००/-(अक्षरेपी

रूपैयाँ एकलाख पैसठ्ठी हजार) पारिश्रमिक दिने गरी पुनः लेखापरीक्षकमा नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

५) सर्वसाधारण समुहका शेयरधनीहरूको प्रतिनिधित्व गरी बैंकको सञ्चालक समितिमा रहनुभएका सञ्चालकहरूको कार्यकाल यसै साधारण सभासम्म मात्र रहेको सन्दर्भमा विषय सूचीको (५) बमोजिम सर्वसाधारण समुह (समुह "ख") बाट आगामी वार्षिक साधारणसभासम्मको कार्यकालका लागि २ (दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने सम्बन्धी प्रस्तावका विषयमा अध्यक्षज्यूले यस प्रयोजनका लागि नियुक्त निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौलाज्यूलाई आवश्यक जानकारी गराई दिनुहुन अनुरोध गर्नु भयो । निर्वाचन अधिकृतज्यूले मिति २०६९/११/२० मा प्रकाशित निर्वाचन कार्यक्रमअनुसार मनोनयनपत्र दर्ताका लागि तोकिएको मिति २०६९/११/२३ का दिन दुई जनाकोमात्र मनोनयनपत्र दाखिल भई उम्मेदवारी संख्या निर्वाचनका लागि आवश्यक पदसंख्याभन्दा बढी नभएको जानकारी गराउनु हुँदै उम्मेदवारहरू श्री राजेन्द्र प्रसाद अर्याल तथा श्री विरेन्द्र कुमार संघई सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको सभामा घोषणा गर्नु भयो र निर्वाचित सञ्चालकज्यूहरूलाई बधाई सहित प्रमाणपत्र प्रदान गर्नु भयो । सभाले करतल ध्वनीका साथ सोको अनुमोदन गऱ्यो । अध्यक्षज्यूले निर्वाचित उम्मेदवारहरूलाई पुष्पगुच्छा सहित बधाई दिँदै सफल कार्यकालको शुभकामना दिनु भयो ।

## (ख) विशेष प्रस्ताव :

१) विषय सूचीको (१) बमोजिमको प्रस्तावउपर छलफल भई सकेको हुँदा सो प्रस्तावलाई पारित गरियोस् भनी अध्यक्षज्यूले सभासमक्ष अनुरोध गर्नु भएकोमा सभाद्वारा यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेडलाई गाभ्ने (मर्ज गर्ने) प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त गाभ्ने र गाभिने संस्थाको सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा मर्जरपश्चातको NIC Asia Bank Limited (एनआईसी एशिया बैंक लिमिटेड) मा यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडका हालका शेयरधनीले प्रति एक शेयर बराबर एक तथा बैंक अफ एशिया नेपाल लिमिटेडका हालका शेयरधनीले प्रति दुई शेयर बराबर एक शेयर पाउने गरी निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) २:१ लाई पारित गरी यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेडलाई गाभ्ने (मर्ज गर्ने) स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो तथा सो सम्बन्धमा सभाद्वारा देहायबमोजिम निर्णय गरियो:

क) यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको नाम परिवर्तन गरी मर्जरपश्चात NIC Asia Bank Limited (एनआईसी एशिया बैंक लिमिटेड) राख्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ख) यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेड गाभिएपछि (मर्ज भएपछि) गठन हुने सञ्चालक समितिमा मर्जर सम्बन्धी सम्झौता/सहमतिपत्र (Scheme of Arrangement) बमोजिम यस बैंकको तर्फबाट विद्यमान सञ्चालकहरूमध्येबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको चयन गर्ने अख्तियारी सहित बैंक अफ एशिया नेपाल लिमिटेडबाट चयन भई आउनुहुने सञ्चालकहरूलाई पदस्थापन एवं अनुमोदन गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ग) यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको सञ्चालक समितिका सदस्यहरूको कार्यकाल जतिसुकै बाँकी भए तापनि गाभ्ने गाभिने कार्य सम्पन्न भई खण्ड (ख) बमोजिम नयाँ सञ्चालक समिति गठन/सक्रिय भएपश्चात उक्त नयाँ सञ्चालक समितिमा

रहनु हुने सञ्चालक बाहेक अन्य विद्यमान सञ्चालकहरूको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने । साथै नयाँ सञ्चालक समिति तथा सोमा प्रतिनिधित्व गर्नुहुने सञ्चालकहरूको कार्यकाल शेयरधनीहरूको अर्को सभा नभएसम्म मात्र रहने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

घ) यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेड गाभिएपछि (मर्ज भएपछि) मर्जर सम्बन्धी सम्झौता/सहमतिपत्र बमोजिम बैंकको अधिकृत पूँजी रू. ३,६०,००,००,०००/- (अक्षरेपी रूपैयाँ तीन अर्ब साठी करोड), जारी पूँजी रू. २,३१,१५,५२,०००/- (अक्षरेपी रूपैयाँ दुई अर्ब एकतीस करोड पन्ध्र लाख बाउन्न हजार) तथा चुक्ता पूँजी रू. २,३१,१५,५२,०००/- (अक्षरेपी रूपैयाँ दुई अर्ब एकतीस करोड पन्ध्र लाख बाउन्न हजार) कायम हुने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ङ) यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेड गाभिएपछि (मर्ज भएपछि) बैंकको नाम, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी संरचना तथा सञ्चालकहरूको संख्या र संरचना लगायतमा परिवर्तन हुने भएको हुनाले सो बमोजिम हुने गरी प्रस्ताव गरिए बमोजिम प्रवन्धपत्रको शीर्षखण्ड, दफा १, २(२), ४ (कप), ४ (कब), ४ (कभ) ५(१), ५(२), ५(३) तथा १२ मा तथा प्रस्ताव गरिए बमोजिम नियमावलीको शीर्षखण्ड, नियम १, २(२), २क(च), २क(छ), ८(२), ८(२) (क), ३१(१) (अ), ३१(१)(आ)(क) तथा ४५ मा संशोधन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा आवश्यक थपघट वा संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको व्यक्ति/समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित सर्वसम्मतिले पारित गरियो ।

च) यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडमा बैंक अफ एशिया नेपाल लिमिटेड गाभ्ने (मर्ज गर्ने) सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लगायतका कुनै पनि नियमनकारी निकाय वा कार्यालयबाट यस साधारण सभाबाट भए गरेका समेत कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन दिइएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने अन्य सम्पूर्ण कार्यहरू समेत गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको व्यक्ति/समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित सर्वसम्मतिले पारित गरियो ।

२) विषय सूचीको (२) अन्तर्गत यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व प्रति केन्द्रीकृत (Focused) भई लाग्न NIC Foundation नामक संस्थालाई प्रवर्द्धन गरेको र बैंकले हरेक वर्ष आफ्नो खुद नाफाको ०.५ (शून्य दशमलव पाँच) प्रतिशत रकम उक्त संस्थालाई उपलब्ध गराई सामाजिक उत्तरदायित्वका कार्यहरू अगाडि बढाई रहेको सन्दर्भमा हरेक वर्षका लागि उक्त रकम प्रदान गर्न कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिमको स्वीकृति प्रदान गर्न अध्यक्षज्यूले सभासमक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो र भए गरेका कार्यहरूको अनुमोदन गरियो ।

**(ग) विविधः**

साधारण सभाको निर्धारित विषय सूचीमा समावेश विविध शीर्षकअन्तर्गत छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

तत्पश्चात् अध्यक्षज्यूले यस १५ औं वार्षिक साधारण सभामा प्रस्तुत छलफलका विषयहरूसँग सम्बन्धित सामान्य र विशेष सम्पूर्ण प्रस्तावहरूमा छलफल भई प्रस्तुत प्रस्तावहरू सभाबाट पारित भएको घोषणा गर्नुभयो । साथै, यसै सभाबाट सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट पुनः निर्वाचित हुनु भएका श्री राजेन्द्र प्रसाद अर्याल तथा श्री बिरेन्द्र कुमार संघईज्यूलाई बधाई दिँदै उहाँहरूको अघिल्लो कार्यकाल जस्तै वर्तमान कार्यकाल समेत सफल र उर्जामुलक रहोस् भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

## ११. धन्यवाद ज्ञापन :

अध्यक्षज्यूले एनआईसी बैंकका शेयरधनी परिवारको महत्वपूर्ण सभामा शेयरधनी महानुभावहरूको गरिमामय उपस्थिति र सक्रिय सहभागिताका लागि आभार प्रकट गर्नु भयो । शेयरधनीहरूले प्रदान गर्नु भएको सल्लाह एवं सुझावबाट सदा झैं बैंकलाई नीति निर्धारण गर्न एवं बैंकका कृयाकलापहरूलाई नयाँ दिशा एवम् गति दिनमा महत्वपूर्ण सहयोग प्राप्त हुने जानकारी गराउनु भयो । उहाँले शेयरधनी महानुभावहरू, बैंक व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरू, स्थान उपलब्ध गराई दिनु हुने उद्योग संगठन मोरङ्, निर्वाचन सम्बन्धी कार्यसम्पन्न गरी दिनु भएकोमा वरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौला र उहाँका सहयोगीहरू, शुभेच्छुकहरू लगायत यस पन्ध्रौं वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्षरूपमा सहयोग गर्नुहुने नियमनकारी निकायहरू, समस्त ग्राहकवर्ग, तथा सरोकारवालाहरू सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

## १२. सभा विसर्जन :

अन्त्यमा, अध्यक्षज्यूले आजको यो पन्ध्रौं वार्षिक साधारण सभा समाप्त भएको घोषणा गर्नु भयो ।

माधव प्रसाद रेग्मी
कम्पनी सचिव

जगदीश प्रसाद अग्रवाल
अध्यक्ष

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. को प्रबन्धपत्रमा पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय बमोजिम भएको संशोधन

**संशोधित दफा/उपदफा/खण्डहरू:**

| | |
|---|---|
| **शीर्ष खण्ड** | एनआईसी एशिया बैंक लिमिटेडको प्रवन्धपत्र |
| **१. कम्पनीको नाम** | यस कम्पनीको नाम "एनआईसी एशिया बैंक लिमिटेड" रहेको छ, यसलाई अंग्रेजीमा NIC Asia Bank Limited भनिनेछ । छोटकरीमा यसलाई एनआईसी एशिया बैंक (NIC Asia Bank) र यसपछि बैंक भनिनेछ । |
| **२(२)** | यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृतिअनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली नेपालभित्र वा बाहिर रहनेछ । |
| **४ (कप)** | सामुहिक कोष तथा एकात्मक बचत योजनाहरूको प्रायोजन गर्ने, व्यवस्था गर्ने तथा जारी गर्ने |
| **४ (कब)** | विदेशी बैंक तथा वित्तीय संस्थाहरूमा लगानी गर्ने वा त्यस्ता संस्थाको शेयर खरीद गर्ने । |
| **४ (कभ)** | बैंकको सहायक कम्पनीको रूपमा लघुवित्त-वित्तीय संस्था स्थापना गरी लघुवित्त कार्यक्रम सञ्चालन गर्ने । |
| **५(१)** | बैंकको अधिकृत पूँजी रू. ३,६०,००,००,०००/- (रू. तीन अर्ब साठी करोड मात्र) हुनेछ । उक्त पूँजीलाई रू. १००/- दरका तीन करोड साठी लाख थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| **५ (२)** | बैंकको तत्काल जारी पूँजी रू. २,३१,१५,५२,०००/- (रू. दुई अर्ब एकतीस करोड पन्ध्र लाख बाउन्न हजार मात्र) हुनेछ । उक्त पूँजीलाई रू. १०० /- दरका दुई करोड एकतीस लाख पन्ध्र हजार पाँच सय बीस थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| **५ (३)** | बैंकको तत्काल चूक्ता पूँजी रू. २,३१,१५,५२,०००/- (रू. दुई अर्ब एकतीस करोड पन्ध्र लाख बाउन्न हजार मात्र) हुनेछ । उक्त पूँजीलाई रू. १०० /- दरका दुई करोड एकतीस लाख पन्ध्र हजार पाँच सय बीस थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| **१२.** | हामी साविकमा नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड हाल एनआईसी एशिया बैंक लिमिटेडका संस्थापकहरूले देहाय बमोजिमको संख्यामा शेयर लिन कबूल गरी देहायका साक्षीको रोहवरमा यस प्रबन्धपत्रमा सहीछाप गरेका छौं । |

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. को नियमावलीमा पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय बमोजिम भएको संशोधन

**संशोधित नियम/उपनियम/खण्डहरू:**

| | |
|---|---|
| **शीर्ष खण्ड** | एनआईसी एशिया बैंक लिमिटेडको नियमावली |
| **१. कम्पनीको नाम** | यस कम्पनीको नाम "एनआईसी एशिया बैंक लिमिटेड" रहेको छ, यसलाई अंग्रेजीमा NIC Asia Bank Limited भनिनेछ । छोटकरीमा यसलाई एनआईसी एशिया बैंक (NIC Asia Bank) र यसपछि बैंक भनिनेछ । |
| **२(२)** | यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृतिअनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली नेपालभित्र वा बाहिर रहनेछ । |
| **२क(च)** | "बैंक" भन्नाले प्रचलित कम्पनी सम्बन्धी कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीका रूपमा दर्ता भई वित्तीय सेवा सम्बन्धी व्यवसाय-कारोवार गर्न स्थापना भएको एनआईसी एशिया बैंक लिमिटेड सम्झनु पर्छ । |
| **२क(छ)** | "कम्पनी" भन्नाले एनआईसी एशिया बैंक लिमिटेड सम्झनु पर्छ । |
| **८(२)** | यस बैंकमा ९ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ:- |
| **८(२)(क)** | संस्थापक समुह (समुह "क") का शेयरधनीहरूबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ५ जना । |
| **३१ (१) अ.** | बैठक भत्ता<br>अध्यक्ष: रू. १०,००० /-<br>सदस्य: रू. ९,०००/-<br>यातायात खर्च: वास्तविक |
| **३१ (१) आ.** | क) नेपालमा:<br>१. काठमाडौं/पोखरा-<br>रू. ७,५००/- दैनीक<br>२. अन्य स्थान-<br>रू. ५,५००/- दैनीक |
| **४५.** | हामी साविकमा नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड हाल एनआईसी एशिया बैंक लिमिटेडका संस्थापकहरूले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावलीमा सहीछाप गरेका छौं । |